# बागमती प्रदेश सरकारका माननीय मुख्यमन्त्री शालिकराम जम्कट्टेल नेतृत्वको सरकार गठन भएको १०० दिनभित्र प्रदेश सरकारका तर्फबाट भएका मुख्य-मुख्य निर्णय र उपलब्धिहरू

बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा
२०८० बैशाख ५

प्रदेश सभाको दोश्रो निर्वाचन पश्चात मिति २०७९ पौष २५ गते माननीय प्रदेश प्रमुखबाट मुख्यमन्त्रीमा नियुक्त मा. शालिकराम जम्कट्टेलको नेतृत्वमा गठित प्रदेश सरकारले आज १०० दिन पूरा गरेको छ ।यस बीचमा मिति २०७९ पौष २६, माघ १० र चैत्र २६ मा मन्त्रिपरिषद् सदस्यहरूको कार्य जिम्मेवारी हेरफेर भएको छ ।यस अवसरमा लोकतान्त्रिक शासन प्रणाली स्थापनार्थ सहादत प्राप्त गर्नु हुने ज्ञात अज्ञात सहिद प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । मिति २०७९ साल पौष २६ गतेदेखि १०० दिनको अवधि भित्र प्रदेश सरकार र मातहतका निकायहरुबाट सम्पादन भएका विभिन्न विषयगत क्षेत्रहरुका मुख्य मुख्य निर्णय र उपलव्धिहरु देहाय बमोजिम रहेका छन् ।

## शिक्षा, सामाजिक, युवा र खेलकुद क्षेत्रः

- सामुदायिक विद्यालयहरुको गुणस्तर सुधारका लागि विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रम अन्तर्गत प्रदेशभित्रका १६८ सामुदायिक माध्यमिक विद्यालयलाई रु १० लाखका दरले र ७१ सामुदायिक आधारभूत विद्यालयहरूलाई रू ५ लाखका दरले तोकिएको मापदण्ड बमोजिम छनोट गरी व्यवस्थापन सुधारका लागि अनुदान उपलव्ध गराइएको छ ।
- सामुदायिक विद्यालयहरुलाई शैक्षिक उपलव्धिमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत प्रदेशभित्रका २०० सामुदायिक माध्यमिक विद्यालयलाई रू २० लाखका दरले र ५१ सामुदायिक आधारभूत विद्यालयलाई रू १० लाखका दरले तोकिएको मापदण्ड बमोजिम छनोट अनुदान उपलव्ध गराइएको छ ।
- शैक्षिक छात्रवृत्ति कार्यक्रम अन्तर्गत सामुदायिक क्याम्पसको स्नातक तहमा अध्ययनरत ४१० जना छात्राहरुलाई रू १० हजारका दरले र स्नातकोतर तहमा अध्ययनरत १३ जना छात्राहरुलाई रू १५ हजारका दरले छात्रवृत्ति प्रदान गर्न छनोट गरिएको छ ।
- माध्यमिक तहमा कृषि तथा पशु विज्ञान विषय सञ्चालन गर्ने १० वटा सामुदायिक माध्यमिक विद्यालयहरुलाई रू १५ लाखका दरले प्राविधिक सुदृढीकरणका लागि पुँजीगत अनुदान प्रदान गरिएको छ । त्यसैगरी माध्यमिक तहमा विज्ञान, गणित तथा अंग्रेजी विषयमा शून्य दरबन्दी भएका थप ४ वटा विद्यालयमा शिक्षण सिकाइ अनुदान अन्तर्गत शिक्षक व्यवस्थापन गरिएको छ।
- सामुदायिक क्याम्पसको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि २० वटा क्याम्पसहरुलाई अनुदान प्रदान र १११ वटामा भौतिक निर्माण सम्बन्धी आयोजनाहरु सम्पन्न भएका छन् ।
- स्थानीय तहको सहकार्यमा १३ जिल्लाका १३ वालविकास केन्द्र छनोट भई स्तरोन्नतिको कार्य शुरू भएको छ।
- विद्यार्थीहरूको सिर्जनात्मक क्षमता अभिवृद्धि गर्न तथा व्यवहारिक र प्रयोगात्मक शैक्षिक प्रणालीलाई विस्तार गर्ने उद्देश्यका साथ प्रदेश स्तरीय माध्यमिक विद्यालय स्तरीय विज्ञान प्रदर्शनी सम्पन्न भएको छ ।
- उच्च शिक्षासँग सम्बन्धित कार्यहरूलाई थप व्यवस्थित गर्न प्रदेश उच्च शिक्षा नियमावली, २०७९ स्वीकृत गरिएको छ भने सीप विकास सम्बन्धी कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न "सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" स्वीकृत गरिएको छ ।

- विद्यालय तहमा कार्यरत ३२० जना शिक्षकहरुलाई पेशागत विकास तालिम (TPD) र ४७८ जना शिक्षकहरुलाई पुनर्ताजगी तालिम प्रदान गरिएको छ भने औपचारिक तथा अनौपचारिक माध्यमबाट ज्ञान र सीप हासिल गरेका ५० जना व्यक्तिहरुको पूर्व सिकाइ मान्यता विधिद्वारा सीप परीक्षण कार्य गरिएको छ।
- प्रदेश खेलकुद विकास परिषद् अन्तर्गत बागमती प्रदेश न्यू डायमण्ड कप अण्डर-१८ राष्ट्रिय खुला महिला भलिवल प्रतियोगिता, अल नेपाल नोभिस बक्सिङ प्रतियोगिता, कराते मास्टर मिट सम्पन्न भएको छ। नेपाल, भारत, इरान, थाइल्याण्ड, पाकिस्तान, श्रीलङ्का र ताइवान गरी सात देशको सहभागितामा एसियन क्रस कन्ट्री प्रतियोगिता सम्पन्न गरिएको छ ।
- १३ औं राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता अन्तर्गत बागमती प्रदेश छनोट प्रतियोगिता मिति २०८० बैशाख ०३ देखि सञ्चालन भएको छ ।
- प्रदेश युवा परिषद् अन्तर्गत महिला आत्मरक्षा तालिमको लागि १३ जिल्लाका २६ जनालाई प्रशिक्षक प्रशिक्षण (ToT) तालिम प्रदान गरिएको छ।प्रदेशका ११९ वटै स्थानीय तहमा शिक्षा, स्वास्थ्य, कृषि र पशु विषयक्षेत्रमध्येबाट एक जना स्वयंसेवक खटाउने कार्य अन्तिम चरणमा रहेको छ । ५०० जना युवाहरुको लागि ३९० घण्टे सीपमूलक तालिम सञ्चालन भइरहेको छ साथै उद्यमशीलता विकासका लागि १८०० जनालाई सीपमूलक तालिम प्रदान गरिएको छ ।
- युवा वैज्ञानिक प्रोत्साहन कोषद्वारा सञ्चालित आयोजना मध्ये २ वटा आयोजना सम्पन्न भई सार्वजनिकरणको क्रममा रहेको छ भने युवा वैज्ञानिक प्रोत्साहन कोष ऐनको मस्यौदा तयार भएको छ ।
- ५१ जना लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुका लागि १० दिने सीपमूलक तालिम सम्पन्न भएको छ भने १३२ जनाको लागि छोटो अवधिको व्यावसायिक तथा सीपमूलक तालिम (प्लम्बिङ, टेलरिङ, गलैंचा बुनाई, विद्युत जडान लगायत) सम्पन्न गरिएको छ ।
- उद्यमशीलता, रोजगारीमुलक, सशक्तिकरण, सीप विकास तथा क्षमता अभिवृद्धि तालिम अन्तर्गत ६२ जना अपाङ्गता भएका महिला श्रमिक, लैङ्गिक हिंसापिडित, विपन्न, दलित, सीमान्तकृत तथा एकल महिलाहरुको सहभागितामा कफि मेकर र क्रिष्टलको सामान बनाउने १० दिने तालिम सम्पन्न भएको छ भने अपाङ्गता भएका व्यक्तिको अधिकार सशक्तिकरण नेतृत्व क्षमता विकास तथा सीपमुलक तालिमका लागि ४० वटा संस्था छनौट भई कार्य प्रारम्भ भएको छ ।
- भक्तपुर र मकवानपुरमा रहेका बाल सुधार गृहका २४९ जनाका लागि ३ दिने जीवन उपयोगी तालिम सम्पन्न भएको छ । साथै घरेलु तथा लैङ्गिक हिंसा पिडित प्रभावितहरुको लागि अल्पकालिन आश्रयस्थल सेफ हाउस सञ्चालन गर्ने १६ वटा महिला सहकारी संस्थासंग सम्झौता गरिएको छ ।

**स्वास्थ्य क्षेत्र:**

- प्रदेश स्वास्थ्य नीति निर्माणका लागि प्रदेशस्तरीय स्वास्थ्य तथा जनसंख्या समिति मार्फत निजी, सामुदायिक मेडिकल कलेज, दातृ निकायहरुसंग स्वास्थ्य नीतिका बारे पृष्ठपोषण संकलन गरि Health In All Policy (स्वास्थ्य सबै नीतिमा) को मस्यौदा तयार गरिएको छ ।

- नसर्ने रोगको समयमै पहिचान गरी रोगको उचित परामर्श, परिक्षण, निदान र उपचार गर्न प्रदेश भित्रका ३० बर्ष माथिका व्यक्तिहरूको लागि प्रदेशका १३ वटै प्रादेशिक अस्पताल, स्वास्थ्य कार्यालय र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरुबाट मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।
- मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम अन्तर्गत नसर्ने रोगको समयमै पहिचान तथा रोकथामका लागि बागमती प्रदेशका ११९ वटै स्थानीय तहका जनप्रतिनिधि, स्वास्थ्य शाखा प्रमुख तथा स्वास्थ्यकर्मीहरुलाई अभिमुखीकरण सम्पन्न गरी स्क्रिनिङ कार्यक्रम सञ्चालनमा ल्याइएको छ।
- क्यान्सर रोग लागेका विपन्न नागरिकलाई उपचारमा सहुलियत प्रदान कार्यक्रम अन्तर्गत बागमती प्रदेशका सरकारी तथा निजी गरी १२ वटा अस्पतालसँग सम्झौता गरी फाल्गुण मसान्तसम्म ५ करोड ७७ लाख बराबरको सहुलियत प्रदान गरिएको छ।
- प्रदेशबाट सञ्चालन हुने स्वास्थ्य तर्फको संघीय बिशेष अनुदान कार्यक्रमको अभिमुखीकरण सञ्चालन गरि बागमती प्रदेशका स्थानीय तहहरुमा प्रसुती केन्द्रहरुको सवलीकरण, स्वास्थ्य आमा समूहलाई स्वास्थ्य प्रवर्द्धन प्रविधिको अनुसरणको लागि साना अनुदान प्रदान, वृद्धि अनुगमनका सामग्रीहरु, किशोरकिशोरी लक्षित यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।
- हेटौंडा अस्पतालको सेवा विस्तार गर्न मृगौला प्रत्यारोपण सेवा सञ्चालनका लागि सामाग्री व्यवस्थापनको प्रक्रिया अघि बढाइएको छ ।
- लोपोन्मुख/अति सिमान्तकृत जातिहरु, विभिन्न आश्रमहरुमा आश्रय लिइरहेका बेसाहारा/असाहय व्यक्तिहरु, वृद्धाश्रममा आश्रित जेष्ठ नागरिकहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गराउन राष्ट्रिय/प्रादेशिक बिमा बोर्डसँग सम्झौता गरी बिमाको प्रिमियम भुक्तानी गर्ने व्यवस्था मिलाइएको छ ।
- बकुलहर रत्ननगर अस्पताल, रामेछाप अस्पताल, मेथिनकोट अस्पताल काभ्रेपलाञ्चोक, वज्रबाराही चापागाउँ अस्पताल ललितपुर, भक्तपुर अस्पताल, टोखा चण्डेश्वरी अस्पताल काठमाडौं, पशुपति चौलागाई स्मृति अस्पताल दोलखालाई “क" वर्गको सुविधासम्पन्न एम्बुलेन्स उपलव्ध गराइएको छ ।
- रामेछाप अस्पताल, सिन्धुली अस्पताल, मेथिनकोट अस्पतालमा डायलाइसिस सेवा सुरुवात गरिएको छ ।
- मदन भण्डारी स्वास्थ्य बिज्ञान प्रतिष्ठानसंगको सहकार्यमा Anesthesia assistant बिषयमा विद्यार्थीलाई छात्रवृति प्रदान गरी अध्ययन गराई सो अध्ययन पश्चात विद्यार्थीहरुलाई अनिबार्य रूपमा छात्रवृति करार सेवामा प्रदेशभित्रका स्वास्थ्य संस्थाहरुमा परिचालन गर्ने काम अघि बढाइएको छ ।
- स्वास्थ्य मन्त्रालय मातहतको प्रदेश स्वास्थ्य तालिम केन्द्र र स्वास्थ्य कार्यालयहरु मार्फत नर्सिङ्ग स्टाफहरु र चिकित्सकहरूका लागि विभिन्न प्रकृतिका स्वास्थ्य सम्बन्धी तथा नसर्ने रोग सम्बन्धी (PEN package) र नसिंङ स्टाफको लागि सुरक्षित गर्भपतन सम्बन्धी तालिम सञ्चालन गरिएको छ ।
- भक्तपुर अस्पतालमा जेष्ठ नागरिक वार्ड र Palliative Care वार्ड स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।
- यस वर्ष ६० विद्यालयहरुमा एक विद्यालय एक नर्स कार्यक्रम विस्तार गरिने योजना अनुरुप विद्यालय नर्स छनोट गरी परिचालन गरिएको छ ।

## कृषि क्षेत्रः

- कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको रुपान्तरणको लागि मन्त्रालयले २०७९ साल माघ २५ गतेका दिन ४४ बुदें प्रतिवद्धता सार्वजनिकीकरण गरी कार्यान्वयन प्रक्रिया अघि बढाइएको छ ।
- भेडा बाख्रामा लाग्ने पिपिआर (Peste Des Petits Ruminants) रोग नियन्त्रण तथा रोकथामको लागि सप्ताह व्यापी खोप अभियान सञ्चालन कार्ययोजना, २०७९ स्वीकृत भई सो बमोजिम फागुन १ देखि फागुन ७ गतेसम्म बागमती प्रदेशको १३ वटै जिल्लाहरुमा खोप अभियान सञ्चालन गरी १०,१८,३२१ भेडा बाख्रालाई पिपिआर रोग विरुद्धको खोप लगाइएको छ।
- कृषक एवम् सरोकारवालाहरुको कृषि र पशुपंक्षी विकास तथा प्रवर्द्धनसंग सम्वन्धित जिज्ञासा, गुनासो एवम् प्रश्नहरुको सुनुवाइको लागि कृषि तथा पशुपंक्षी विकास मन्त्रालयमा निशुल्क टोल फ्रि नम्बर १८१०५०००११ सहितको डेस्क स्थापना गरी कार्यान्वयनमा ल्याइएको छ ।
- कृषि क्षेत्रमा प्रवाह भइरहेको अनुदान कार्यलाई व्यवस्थित गर्न बीउ पूँजी कोष कार्यक्रम कार्यान्वयन गरिएको छ ।
- गुणस्तरीय भेटेरिनरी सेवालाई थप विस्तारका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चितवनको परिसरमा आधुनिक भेटेरिनरी अस्पताल निर्माणको प्रक्रिया अगाडि बढाइएको छ ।
- प्रदेशलाई बीउमा आत्मनिर्भर बनाउन परियोजनाको रुपमा बीउ बिजन आत्मनिर्भर कार्यक्रमका लागि चितवन, मकवानपुर, धादिङ्ग र काभ्रे जिल्लालाई क्षेत्र निर्धारण गरी कार्यान्वयन भइरहेको छ ।

## पूर्वाधार विकास क्षेत्रः

- आधारभूत खानेपानी सेवा उपलब्ध गराउन २७४७ वटा घरमा निजी धारा जडान कार्य सम्पन्न गरी यस अवधिमा थप १६९४१ जना लाई आधारभूत खानेपानीको सेवा उपलब्ध गराइएको छ ।
- सिंचाई अन्तर्गत ३६.८२ कि.मी. क्यानल लाईनिङ्ग निर्माण भएको छ र यसबाट थप ९५.५७ हेक्टर जमिनमा सिँचाई सुविधा उपलब्ध गराइएको छ ।प्रदेशभित्रका नदी नियन्त्रणका लागि १६.०३ कि.मी तटबन्ध निर्माण गरिएको छ ।
- दीर्घकालिन तथा रणनैतिक महत्वका योजनाहरुलाई बहुबर्षीय योजना बनाइ खरिद गुरुयोजना स्वीकृत भएकोमा ५१ वटा सडक तथा सडक पुल र ३ वटा भवन तथा पार्क पूर्वाधार योजनालाई बहुबर्षीय योजनाको रुपमा स्वीकृत गरी खरिद प्रक्रिया सुरु गरिएको छ ।
- बागमती प्रदेश सरकारको प्रशासनिक भवन निर्माणको लागि वातावरणीय प्रभाव अध्ययन (EIA) सम्बन्धी कार्य प्रारम्भ गरिएको छ ।
- पूर्वाधार निर्माणको कार्यलाई व्यवस्थित गरी एकरूपता प्रदान गर्न प्रादेशिक सडक गुरुयोजना निर्देशिका तयारी तथा पृष्ठपोषणको प्रक्रिया अगाडि बढाइएको छ । त्यसैगरी चेपाङ्ग बोटे, माझी बनकरिया एकिकृत बस्ति तथा

आवास कार्यक्रम (मकवानपुर, चितवन, धादिङ्ग) सम्बन्धी कार्यविधि, २०७९ तथा खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ निर्माण गरी कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ ।

- पूर्वाधार निर्माण कार्यलाई तीव्रता दिन आयोजनाहरूको अनुगमन गरी गुणस्तरीय कार्य तोकिएबमोजिम सम्पन्न गर्न गराउन ताकेता गरिएको छ ।न्यून प्रगति हासिल गरेका योजनाहरूको विशेष तथा नियमित अनुगमन गरी निर्माणको प्रगति बढाउन विशेष पहल गरी तीब्र प्रगति हासिल गर्न प्रयासरत नरहेका वा नसकेका योजनाहरूको हकमा निर्माण व्यवसायीसँग गरिएको खरिद सम्झौता अन्त्य गर्ने प्रक्रिया थालिएको छ ।
- यस अवधिमा २५ कि.मि. कालोपत्रे सडक, २० कि.मि. ढलान सडक, १७ कि.मि. ग्रावेलस्तरको सडक, ९ वटा सडक पुल/कल्भर्ट, १ वटा झोलुङ्गे पुल, २० वटा भवन तथा ५० वटा जनता आवास इकाई निर्माण सम्पन्न भएको छ ।

## श्रम, रोजगार तथा यातायात क्षेत्रः

- सवारी चालक अनुमति पत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ (संशोधित) को अनुरूप सवारी चालक अनुमति पत्र परीक्षामा सत्तरी प्रतिशत उतीर्ण प्रणाली कार्यान्वयनमा ल्याइएको छ ।
- श्रम तथा रोजगारको क्षेत्रलाई थप व्यवस्थित तथा विस्तार गर्न तथा यस क्षेत्रमा प्रदेश सरकारको प्राथमिकताहरू निर्धारण गर्ने उद्देश्यका साथ प्रदेशको श्रम तथा रोजगार सम्बन्धी नीतिको मस्यौदा तयार गरिएको छ ।
- यातायात व्यवस्था कार्यालयहरूमा लाइसेन्सको लागि फारम भरी लामो समय कुर्नुपर्ने अवस्थाको अन्त्यका लागि कार्यालय समयबाहेक पनि अतिरिक्त समयमा सेवा प्रवाह गर्ने/हुने व्यवस्था मिलाइएको छ ।
- विभिन्न व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन गरी ८४५ जनालाई विभिन्न किसिमको तालिम प्रदान गरिएको छ।

## पर्यटन, उद्योग तथा सहकारी क्षेत्रः

- प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ तथा प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ मा समसामयिक संशोधनका लागि प्रक्रिया अगाडि बढाइएको छ ।
- पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकायबाट उपलब्ध हुने सेवा प्रवाह र नागरिकले पाउने सूचना लगायतका विषयलाई थप व्यवस्थित, जनमैत्री, छिटोछरितो, सुलभ, कम खर्चिलो, झन्झटमुक्त बनाई गुणस्तरीय सेवा प्रदान गर्न १५ (पन्ध्र) बुँदे निर्देशन जारी गरिएको छ ।
- प्रदेश भित्रका सहकारी सदस्यहरुको बचत रकम फिर्ता नगरेको तथा कार्यालय बन्द गरी सम्पर्कमा नरहेका कारणले बचतकर्ताको रकम फिर्ता एवम् वित्तीय अनुशासन कायम गर्न त्यस्ता सहकारीहरुलाई अनुसन्धानको दायरामा ल्याउन ५ (पाँच) वटा सहकारीलाई कारवाहीका लागि केन्द्रीय अनुसन्धान ब्यूरो तथा महानगरीय प्रहरी परिसरमा लेखि पठाइएको छ ।
- पर्यटन पूर्वाधार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ र प्रदेश पर्यटन नीति २०७९ को मस्यौदा तयार गरी विभिन्न सरोकालवालाहरूसँग राय/सुझाव लिने कार्य थालनी गरिएको छ।

**वन तथा वातावरण क्षेत्रः**

- स्थानीयस्तरमा साल जात लगायतका काठको आपूर्तिको कार्यलाई बढावा दिन मकवानपुर जिल्लाको उत्तरी क्षेत्रमा रहेको पालुङ्गमा काठ आपूर्ति सहज गराउन चिरान काठ डिपोको स्थापना तथा काठ बिक्री वितरणको प्रक्रिया आरम्भ गरिएको छ।
- काठमाण्डौको धोबी खोला र ललितपुरको कर्मनाशा खोलाको प्रदूषणमुक्त अभियान विशेष कार्यक्रमको कार्यान्वयनमा सम्बन्धित स्थानीय तह र सरोकारवालहरुको समन्वयमा जन सहभागिता सहितको सरसफाई तथा स्वच्छता अभियान कार्यको शुभारम्भ गरिएको छ।
- धार्मिक/ऐतिहासिक/पर्यटकीय/पुरातात्विक महत्वका स्थानहरुलाई प्रदूषणमुक्त क्षेत्र घोषणा तथा कार्यक्रम सञ्चालनमा सम्बन्धित स्थानीय तह र सरोकारवालहरुको जन समुदायको समन्वयमा सरसफाई तथा स्वच्छता अभियान कार्यको शुभारम्भ गरिएको छ।
- बाढी पहिरोबाट क्षतिग्रस्त तथा क्षति हुन सक्ने खेतबारी तथा बस्तीहरुमा भू संरक्षणका बिभिन्न ३६ वटा संरचना निर्माण सम्पन्न भएको तथा बिभिन्न २२५ वटा संरचनाहरुको निर्माण कार्यको थालनी गरिएको छ।
- डिभिजन वन कार्यालयहरूको स्तरोन्नति तथा क्षमता विकास अन्तर्गत २१ वटा सब डिभिजन वन कार्यालयहरुको कार्यालय भवन निर्माणको स्रोत सुनिश्चितता र टेण्डर आह्वानको कार्य सम्पन्न भई निर्माण कार्य प्रारम्भ गरिएको छ।

**आन्तरिक मामिला, कानून तथा विपद व्यवस्थापनः**

- बागमती प्रदेशबाट जारी भएका कानूनहरूको सहज अध्ययन तथा पहुँचका लागि हालसम्म जारी भएका ऐन, नियम (मूल एवं संशोधन सहित समावेश भएको ) बागमती प्रदेश ऐन तथा नियम सङग्रह, २०७९ प्रकाशन गरिएको छ ।
- कानून निर्माण तथा कार्यान्वयनमा स्थानीय तहको क्षमता अभिवृद्धिका लागि स्थानीय न्यायिक सहजकर्ता, न्यायिक समितिका सदस्यहरूका लागि अभिमुखिकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न गरिएको साथै स्थानीय तहमा कानून निर्माण मेलमिलाप एवम् राजपत्रसम्बन्धी अभिमुखिकरण समेत सञ्चालन गरिएको छ ।
- विपद्को न्युनीकरण, पुनर्लाभ, पुनरूत्थान तथा व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न तथा समायनुकूल नीतिगत व्यवस्था तथा कार्यक्रमहरू सञ्चालनका लागि प्रदेश विपद् कार्यकारी समितिको बैठक सम्पन्न गरिएको छ।
- विपद् व्यवस्थापनको कार्यलाई थप प्रभावकारी बनाउन प्रदेश गोदामघर व्यवस्थापन कार्यविधि, २०७९ जारी गरिएको छ ।
- मकवानपुर तथा सिन्धुली जिल्लामा जङ्गली हात्तीको आक्रमणमा परी मृत्यु भएका व्यक्तिहरूको परिवारलाई जनही एक लाखको दरले कुल तीन लाख सहयोग उपलब्ध गराइएको छ ।
- प्रदेशको शान्ति सुरक्षाको अवस्थामा सुधार ल्याउन तथा प्रदेश प्रहरीको क्षमता विस्तारका लागि लागि यस अवधिमा ६ वटा नयाँ प्रहरी इकाई भवन निर्माणका लागि अख्तियारी प्रदान गर्ने प्रक्रिया अगाडि बढाइएको छ

भने ४६ वटा नेपाल प्रहरी चौकी निर्माणको काम सम्पन्न भएको र २१ वटा नेपाल प्रहरी चौकी निर्माणाधीन रहेको छ ।

- शान्ति सुरक्षा प्रवर्द्धनमा अन्तरतह समन्वय सुदृढ गर्न बागमती प्रदेश भित्रका १३ वटै जिल्लाका जिल्ला सुरक्षा समितिका पदाधिकारीसँग समन्वयात्मक बैठक सम्पन्न भएको छ ।
- भीमफेदी कारागार तथा सिन्धुली कारागारमा सेफ्टी ट्याङ्की निर्माणमा सहयोग गरिएको छ भने कारागारका कैदी वन्दीको क्षमता विकासका लागि पहल भएको छ । साथै भिमफेदी कारागारमा वायोग्यास प्लान्ट राख्न आवश्यक प्रक्रिया अगाडि बढाइएको छ ।
- सार्वजनिक निकायको सूचनामा नागरिकको पहुँच थप विस्तार गर्न तथा सूशासनको हक सम्बन्धी कानूनबारे अभिमुखीकरण गर्न विभिन्न जिल्लामा सूचनाको हक प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ। त्यसैगरी विधुतीय सामग्रीको स्वनियमन र सामाजिक उत्तरदायित्व सम्बन्धी विषयमा सञ्चार सरोकारवालाहरुसँग अन्तरक्रिया गरिएको छ ।
- प्रदेशमा क्रियाशील १५८५ जना पत्रकारहरुको राष्ट्रिय विमा कम्पनी लिमिटेड मार्फत ९ लाख ५ हजार २ सय २५ रुपैंया लगानीमा २०८० चैत्र ४ सम्मको अवधिका लागि बीमा गरिएको छ ।
- जनचेतनामूलक प्रचार सामग्री निर्माण तथा प्रसारण, लोककल्याणकारी विज्ञापन सम्बन्धी कार्यविधि, २०७९ एवं बिधागत पत्रकारिता लेखन (अध्ययन सामग्री) सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ।

## सार्वजनिक प्रशासन एवं कर्मचारी व्यवस्थापनः

- सुशासन र खर्च कटौतिका लागि प्रदेश सरकार (कार्यविभाजन) नियमावली,२०७४ को अनुसूचीमा हेरफेर गरी साविकमा रहेका १४ मन्त्रालयहरुको संख्या घटाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित ११ वटा प्रदेश मन्त्रालयहरू कायम गरिएको छ ।
- मन्त्रालयहरुको सङ्ख्या घटेपश्चात् संक्षिप्त सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी हाललाई कर्मचारी व्यवस्थापन गरिएको छ भने बागमती प्रदेश सरकारका मन्त्रालय तथा निकायहरुको पूर्ण सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य अन्तिम चरणमा पुगेको छ ।
- प्रदेश तथा स्थानीय तहको सेवा प्रवाहलाई सुधार गर्न तथा कर्मचारीहरूको पदपूर्ति तथा वृत्तिविकासको विषयलाई सुनिश्चित गर्न प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सेवा गठन तथा सञ्चालन सम्बन्धी ऐन, २०७९ जारी भएको छ । यसबाट प्रदेश तथा स्थानीय तहमा कर्मचारीहरूको पदपूर्ति भइ सेवा प्रवाहमा सुधार आउने अपेक्षा लिइएको छ।
- प्रदेश भित्रको सेवा प्रवाहका अवसर, असल अभ्यास तथा देखा परेका समस्या तथा चुनौतिबारे जानकारी लिन तथा अन्तरतह समन्वय तथा सहकार्यलाई थप विस्तार गर्न प्रदेश भित्रका जिल्ला तथा स्थानीय तहमा रहेका कार्यालयहरू तथा जिल्ला प्रशासन कार्यालय र स्थानीय तहबीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।

- प्रदेशका मन्त्रालय/निकाय तथा कार्यालयहरूले प्रदान गर्ने सेवा प्रवाह सम्बन्धी नागरिकको गुनासो, अपेक्षा तथा सुझावलाई एकद्वार माध्यमबाट सङ्कलन गर्न तथा कार्यसम्पादनमा सहजीकरण गर्न हेलो प्रदेश सरकार इकाइ गठन तथा व्यवस्थापनसँग सम्बन्धित निर्देशिका तर्जूमा भई स्वीकृतिको चरणमा रहेको छ ।
- आर्थिक वर्ष २०७७/०७८ तथा २०७८/०७९ तर्फका प्रदेश लोक सेवा आयोगबाट प्रकाशित बढुवाको सूचना अनुसार योग्य कर्मचारीहरूलाई बढुवा गरिएको छ ।
- प्रदेश किताबखानाको व्यवस्थापन तथा सञ्चालन गर्न बैयक्तिक सूचना प्रणाली हस्तान्तरणका लागि राष्ट्रिय किताबखानासँग समन्वय गरिएको छ ।

**विविधः**

- नेपालको संविधानले निर्दिष्ट गरेको समन्वय, सहकार्य तथा सहअस्तित्वको मूल मान्यतालाई आत्मसाथ गर्दै आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम निर्माणको लागि प्रदेश मन्त्रालय तथा निकायका अतिरिक्त बागमती प्रदेश भित्रका स्थानीय तह तथा जिल्ला समन्वय समितिसँग नीति तथा कार्यक्रम तर्जुमाका सम्बन्धमा राय/सुझाव माग गरिएको छ ।
- सार्वजनिक खर्चको अवस्थामा सुधार ल्याउन तथा प्रदेश सरकारको सार्वजनिक खर्चलाई मितव्ययी बनाउन आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रमको चालु खर्चमा २० देखि ३० प्रतिशत सम्म खर्च कटौति गर्ने निर्णय गरिएको छ ।
- समावेशी राज्यप्रणालीको मुलभुत मान्यतालाई आत्मसाथ गर्दै तामाङ र नेवारी(नेपाल) भाषालाई बागमती प्रदेश सरकारको सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गर्ने सम्बन्धमा अध्ययन गर्न सामाजिक विकास मन्त्रीको संयोजकत्वमा कार्यदल गठन गरिएको छ । कार्यदलवाट तयार भएको नीतिको मस्यौदा उपर सरोकारवालाहरुसँग अन्तर्क्रिया गरी प्राप्त सुझावहरू समेतलाई अध्ययन गरी परिमार्जनको कार्य भइरहेको छ।
- जिल्लास्तरमा प्रवाह हुने सेवालाई नागरिक मैत्री तथा एकीकृत बनाउन प्रमुख सचिवको नेतृत्वमा एकीकृत सेवा प्रवाह सम्बन्धी कार्यदल गठन गरी अध्ययनको कार्य अगाडि बढाइएको छ ।
- प्रदेश सरकारका सबै मन्त्रालय, निकाय तथा कार्यालयहरूमा बैशाख १ गते देखि लागु हुने गरी अनिवार्य विद्युतीय हाजिरी लागु गर्ने निर्णय गरिएको छ ।
- बागमती प्रदेश सरकारलाई विपक्षी बनाई यस अवधिमा विभिन्न अदालतमा १४ वटा मुद्धा दायर भएकोमा प्रतिरक्षाको क्रममा १२ वटा मुद्दाहरूमा फैसला भइ रिट खारेज भएको छ।
- संघीय राजधानी तथा प्रादेशिक राजधानी जोड्ने बाटा भिमफेदी, कुलेखानी, फर्पिङ र कान्ति लोकपथ हेटौडा, काठमाडौहरूको स्तरोन्नति तथा निर्माण कार्यलाई तिब्रता दिन जिल्ला प्रशासन कार्यालय तथा अन्य सरोकालवालाहरूसँग नियमित समन्वय तथा सहकार्य गरिएको छ ।
- बागमती प्रदेशमा रहेका चेपाङ समुदायको न्वागी(छोनाम) पर्व तथा माझी समुदायको लदी पर्वको अवसरमा पर्व मनाउन सम्बन्धित समुदायका लागि २०८० सालमा सार्वजनिक विदा दिने घोषणा गरिएको छ ।
- बागमती प्रदेश सरकारको स्थापनाको पहिलो पाँच वर्षमा हासिल गरेका उपलब्धिहरु समेटेर "बागमती प्रदेश सरकारको पाँच वर्ष" नामक स्मारिका प्रकाशन गरिएको छ ।